# Small, low intensity and community forests
# Forest Stewardship Council

**briefing note 1**

## समूह प्रमाणीकरण

प्रमाणीत गर्नुपर्ने एउटा भन्दा बढी वनलाई एफ.एस.सी.को एउटै प्रमाणपत्र अन्तर्गत राखेर प्रमाणित गर्ने तरिका नै समूह प्रमाणीकरण हो । एउटा समूहमा रहेर काम गर्न मञ्जुर भएका वन व्यवस्थापकहरुको तर्फबाट एउटा व्यक्ति वा संस्थाले प्रमाणपत्र प्राप्त गर्दछ ।

प्रमाणीकरणको खर्च घटाउन सहयोग पुगोस् भनेर समूह प्रमाणीकरण डिजाइन गरेको हो । एकल प्रमाणीकरणको भन्दा समूह प्रमाणीकरणमा प्रति समूह लाग्ने खर्च सस्तो हुन्छ ।

### कम खर्चिलो प्रमाणीकरण

प्रमाणीकरण गर्न लाग्ने सम्पूर्ण खर्चहरु -जस्तै प्रतिवेदन तयारी, भ्रमण खर्च, वन व्यवस्थापनको बारेमा गर्नुपर्ने परामर्श खर्च) हरेक सदस्यहरुविच बाँडिन्छ । मूल्यांकन कर्ता प्रत्येक समूहमा नगै सदस्यहरुमध्ये स्याम्पलमा परेका समूहमा मात्र जान्छन् । त्यसकारण एकल प्रमाणीकरणको तुलनामा प्रति समूह पर्न जाने खर्च एकदमै कम हुन जान्छ ।

समूह प्रमाणीकरणमा जानु भनेको सदस्यहरुले समूह व्यवस्थापकबाट अथवा अन्य समूह सदस्यबाट समेत एफ.एस.सी. को असल वन व्यवस्थापनका आवश्यकताहरु पुरा गर्नको लागि सहयोग पाइरहेका हुन्छन् ।

### यसले कसरी काम गर्दछ ?

हरेक समूहलाई समूह व्यवस्थापकको भूमिकाको लागि एउटा व्यक्ति वा संस्था आवश्यक पर्दछ । **समूहक व्यवस्थापक** चाहिँ, व्यक्ति, कम्पनी, सहकारी, कुनै एनजिओ वा अरु कुनै कानुनी मान्यता प्राप्त संस्था हुन सक्दछन् । **समूह सदस्यहरु** वन धनी वा वन व्यवस्थापकहरु हुन् । उनीहरुले व्यवस्थापन गरेको वन जत्रो पनि हुन सक्छ र सरकारी, निजी, सामुदायिक जस्तो किसिमको स्वामित्व भएको पनि हुन सक्छ ।

समूह व्यवस्थापनको उदाहरण :

सरकारी वन विभागहरु, स्थानीय एनजिओ, व्यक्तिगत रुपमा व्यवसायिक वन प्राविधिकहरु, वनधनीहरुको संघ, सामुदायिक वन सम्बन्धी संस्थाहरु, कागज उत्पादक कम्पनीहरु ।

समूह यत्रो हुनुपर्छ भन्ने कुनै सीमा तोकिएको छैन, समूहमा जति पनि सदस्य रहन सक्छन् र वनको क्षेत्रफल पनि जति पनि हुन सक्छ । समूह व्यवस्थापकले भने समूह व्यवस्थापन गर्ने क्षमता दर्शाउनु पर्दछ ।

### समूह प्रमाणीकरणमा प्रमुख जिम्मेवारी

#### समूह व्यवस्थापकको जिम्मेवारी

- समूह प्रमाणीकरणको लागि निवेदन दिने
- सम्पर्क सूत्रको रुपमा काम गर्ने
- सदस्यहरुलाई उनीहरुको जिम्मेवारीको बारे सूचित गर्ने
- एफ.एस.सी.का वन व्यवस्थापनका आवश्यकताहरु हरेक सदस्यहरुले पुरा गरेका छन् भन्ने कुराको सुनिश्चितता गर्ने
- सदस्यहरुले पुरा गर्नुपर्ने प्रावधान पुरा गरेका छन् कि छैनन् भन्ने कुरोका निरिक्षण गर्ने
- रेकर्डहरु राख्ने जस्तै समूहको सूची, क्षेत्रफल, प्रतिवेदनहरु

केही समूह व्यवस्थापकहरुले प्राविधिक सेवाहरु जस्तै स्रोतमापतन, वृक्षारोपण प्रभाव मूल्यांकन, कटान, बजार व्यवस्थापन र वन पैदावारको विक्री वितरण दिने गरेका छन् । तर श्रोत व्यवस्थापकले यी कामहरु गर्नुपर्छ भन्ने चाहिँ छैन । अरु समूहहरुमा व्यवस्थापकले खाली समूहलाई संचालन मात्र गर्दछ ।

#### समूह सदस्यको जिम्मेवारी:

- एफ.एस.सी. मापदण्ड बमोजिम वन व्यवस्थापन गर्ने
- समूह स्किमको नियमहरु स्वीकार गर्ने र आफ्नो तर्फबाट समूह व्यवस्थापकले एफ.एस.सी. प्रमाणीकरणको लागि निवेदन दिन मञ्जुर गर्ने ( जस्तै सम्झौतामा हस्ताक्षर गरेर)

लिखित रुपमा सम्झौता पत्र तयार गर्न नसकिने भएमा जस्तै समूहका धेरै जस्तो मानिसहरु लेखपढ गर्न जान्दैनन् भने एफ.एस.सी.ले अरु विकल्पहरु जस्तै मौखिक सम्झौतालाई पनि मान्यता दिन्छ । यस्तो अवस्था आएमा समूह व्यवस्थापकले किन लिखित दस्तावेज बन्न सकेनन् र सदस्यहरुलाई कसरी सूचना प्रवाह गरियो र उनीहरुले नियमहरुमा सहमति दिए भन्ने कराको पष्टयाई दिन पर्दछ ।








## समूहको प्रमाणीकरण गर्ने

समूह व्यवस्थापकले आफ्नो समूहको व्यवस्थापन गर्ने र आफ्ना समूहको वन व्यवस्थापनको अनुगमन गर्नुपर्दछ । त्यसैले एफ.एस.सी. समूह प्रमाणीकरणले समूह व्यवस्थापकलाई समूह सदस्यहरुले वनको राम्रो व्यवस्थापन गरे नगरेको **निरिक्षण गर्ने ठूलो जिम्मेवारी** दिएको हुन्छ । प्रमाणीकरण गर्ने संस्थाले समूह व्यवस्थापकले आफ्नो काम राम्ररी गरेको छ छैन र समूहको अनुगमन गर्ने संयन्त्र कस्तो बनाएको छ भन्ने कुराको निरिक्षण गर्दछ । उनीहरु त छनौट गरिएका केही सदस्य समूहमा गई एफ.एस.सी. मापदण्ड बमोजिम काम भएको छ छैन भनेर यकिन गर्दछन् ।

समूह व्यवस्थापन क्षमतामा समस्या देखियो भने चाहिँ यसलाई गहन रुपमा हेरिन्छ । अडिटरले समूह व्यवस्थापकले रेकर्डहरु चुसत दुरस्त राखेको छैन भने अथवा समूहको अनुगमन राम्रो गरि नभएको पाएमा सुधार गर्नुपर्ने कामहरुको सूची बनाइदिने वा समूहको प्रमाणपत्र खारेज गरिदिन सक्छन् ।

अडिटरले कुनै समूह सदस्यले एफ.एस.सी. का मापदण्ड पुरा गरी रहेको छैन भन्ने पत्ता लगाएमा उक्त सदस्यलाई निलम्बन गर्न वा खारेजी गर्न सिफारिस गर्दछन् । अथवा उनीहरुले सुधार गर्नुपर्ने सूची बनाउने र अनुगमनमा सुधार गर्नुपर्ने सुझावहरु दिन्छन् ।

हरेक वन व्यवस्थापकले मापदण्ड बमोजिम प्रत्येक आवश्यकताहरु पुरा गरेकै हुनुपर्छ । तपाईले समूह सदस्य बिच मापदण्ड पुरा गर्नु पर्ने दायित्वलाई “सट्टापट्टा” गर्न पाउनुहुन्न । तथापी असल व्यवस्थापनका पक्षहरु जस्तै जैविक विविधता संरक्षण चाहिँ समूहस्तरको व्यवस्थापनमा उपयुक्त हुन सक्छ । यो पनि समूहको संरचना र सन्दर्भमा भर पर्ने कुरा हो ।

## साना र थोरै इन्टेन्सिटी भएका वनको समूह

यदि समूह साना र कम इन्टेन्सिटी भएका सदस्यहरुले बनेको छ भने (SLIMF समूह) त्यस्तो बेलामा खर्च कटौती गर्नको लागि एफ.एस.सी.ले प्रमाणीकरण गर्ने संस्थहरुलाई अडिट गर्ने तरिकामा केही फेरबदल गर्न अनुमति दिन्छ ।

प्रमाणीकरण गर्ने संस्थाले धेरै सुधार गर्नुपर्ने काम (सच्याउनुपर्ने समस्याहरु) औल्याउनु पर्ने अवस्थामा उनीहरुले स्थलगत भ्रमण गर्ने संख्या घटाएर खर्च कटौती गर्ने र केही वार्षिक स्थलगत अडिटरको स§ामा डेस्क अडिट (रेकर्ड र प्रणाली अध्ययन) गर्न सक्छन् । बक्ष् समूहमा हुने सदस्य संख्याको पनि कुनै सीमा तोकिएको छैन ।

## थप जानकारिको लागि

**Group Certification Resources Online:** www.dovetailinc.org/GroupCert.html A comprehensive set of case studies, handbooks, and policies related to FSC group certification, in English.

**Case Studies:** www.fsc.org/smallholders 5 case studies which highlight the various benefits and challenges of group certification.

**Specific documents:**

- *The FSC Policy on Group Certification* [FSC-POL-20-001 (1998) EN Group Certification – FSC Guidelines for Certification Bodies]. Aimed at certification bodies, but it is also useful for people setting up groups.
- *FSC Forest Management Group Certification Guidebook*. Rainforest Alliance 2005. Includes sample documents for managing a group.
- *Group Certification for Forests: A Practical Guide*. ProForest 2002. Also has a set of model documents and templates available separately.

In order to use the FSC trademark on this publication after editing you will need to have
This leaflet approved by FSC (www.fsc.org)

developed by ProForest
www.proforest.net